# स्थानीय सहजकर्ता परिचालन सम्वन्धी कार्यादेश

## (Terms of Reference for Local Facilitators Mobilization)

**क्रियाकलाप:** भूमिहीन समुदायको परिवेश विश्लेषण गरी, विपद पूर्वसूचना र पूर्वकार्यका संकेतहरू पहिचान गर्न अभिमुखीकरण तथा प्रतिक्रिया गर्ने क्षमतामा वृद्धि गर्नुका साथै पहिचान अभिवृद्धि र सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गर्न सहयोग गर्ने ।

**कार्यसम्पादन अवधिः** १ जनवरी - २८ फेब्रुअरी, २०२६

**स्थान:** सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, कपिलवस्तु र बाँके जिल्लाका तोकिएका पालिका तथा वडाहरु

**१. परिचय :**

उत्थानशिल, अनुकुलन र समावेशी नेपाल रेन (RAIN) परियोजना स्थानीय रूपमा नेतृत्व गरिएको उत्थानशिल निर्माणमा आधारित छ । यसले पूर्व सुचना, पूर्व कार्य र जलवायु अनुकूलनको लागि राष्ट्रिय सरकारी प्रणालीहरूलाई सुदृढ गर्दै समुदायको उत्थानशिलता बढाउन प्रणालीगत, समावेशी, र स्थानीयकृत रणनीति अपनाएको छ। मधेश र लुम्बिनी प्रदेशमा कार्यान्वयन गरिएको रेनले स्थानीय सरकारहरू (LG), नागरिक समाज संस्थाहरू (CSO), समुदायमा आधारित संस्थाहरू (CBO) र सीमान्तकृत समुदायहरूलाई विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशिल प्रयासहरूको नेतृत्व र दिगोपन गर्न सशक्त बनाउँछ। रेन परियोजना बेलायत सरकार (FCDO) को आर्थिक सहयोगमा पिपुल इन निड (PIN) को नेतृत्व र ड्यानचर्च एड (DCA) को सह नेतृत्व साथै रेड क्रस क्लाइमेट सेन्टर (RCCC) र यूके मेट (UK-MET) को प्राविधिक सहयोगमा साझेदार संस्थाहरू जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (LI-BIRD), सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC), युथ इनोभेसन ल्याब (YIL) र प्रेरणा मार्फत कार्यान्वयन गरिएको छ|

रेनका कार्यक्रमहरुले बेलायत सरकारको उत्थानशिल, अनुकुलन र समावेशी नेपाल कार्यक्रमको प्रमुख लक्ष्यहरूलाई जोड दिन्छ र उपलब्ध वित्तीय स्रोतहरूको उपयोग गरेर दीर्घकालीन एवम् व्यवस्थित उत्थानशिल निर्माणमा योगदान पुर्‍याउँछ।

**२. उद्देश्य :**

यस कार्यको उद्देश्य मधेश र लुम्बिनी प्रदेशका तोकिएका जिल्लाहरु र पालिकाहरुमा अवस्थित भूमिहीन समुदायहरूको परिवेश विश्लेषण गरी, उनीहरुको विपद पूर्वसूचना र पूर्वकार्यमा पहुँचको अवस्था अभिलेख

गर्ने तथा राज्यद्वारा निर्धारित आधारभूत सामाजिक सुरक्षाका अवसरमा उनीहरुको पहुँच सुनिश्चित गर्न सहयोग गर्ने रहेको छ । साथै विपद पूर्वसूचना, पूर्वकार्य र प्रतिकार्यका संकेतहरु बुझ्न सक्ने र तयार रहन सक्ने क्षमतामा अभिवृद्धि गर्ने उद्देश्य रहेको छ ।

**३. कार्यको शर्त र दायरा**

- भूमिहीन परिवारहरूको बसोबास रहेको समुदायहरूमा छलफल गर्ने । समुदाय छनौटका लागि लगत संकलनबाट उपलब्ध तथ्यांक र विवरणको प्रयोग गर्नुपर्नेछ ।
- सामाजिक नक्शाको माध्यमबाट विभिन्न प्रकारका सरकारी सेवाहरू तथा सामाजिक सुरक्षामा पहुँच नभएका घरधुरीहरूको पहिचान गर्ने ।
- तोकिएको ढाचा बमोजिम आधारभूत सुबिधा जस्तै विजुली, खानेपानी, शिक्षा, नागरिकता, जन्मदर्ता, विवाहदर्ता र मृत्युदर्ताबाट वन्चित, तथा सामाजिक सुरक्षाबाट बन्चित घरधुरीको बिवरण संकलन गर्ने ।
- संकलित तथ्यांकलाई वडागत तहमा पेश गर्ने र सम्बन्धित घरधुरीलाई आधारभूत सुबिधा र सामाजिक सुरक्षामा पहुँच दिलाउन सहजीकरण गर्ने ।
- रेन एलजी अधिकृतहरुसँग नियमित सम्पर्क र समन्वयमा रही पालिका तहमा आवश्यक सहजीकरण र रिपोर्टिंग गर्ने ।
- कार्य समापन प्रतिवेदन तयार गर्ने ।

**४. योग्यताका आधारहरु**

- भूमिहीन समुदायको अधिकारका लागि कार्यरत संघ-संस्थासँग आवद्ध भएको ।
- भूमिहीन समुदायको अधिकार प्राप्तिका लागि सहजीकरण गरेको अनुभव भएको ।
- सरकारी नीति र सामाजिक सुरक्षाका अवधारणाबारे जानकारी भएको ।
- भूमिहीन समुदाय बन्चितिकरणमा पर्नुको कारण र त्यसका विरुद्ध अभियान संचालन गरेको अनुभव भएको ।
- सम्बन्धित जिल्लामै बसोबास भएको ।
- स्वयंसेवी तथा समुदाय सेवा प्रति प्रतिबद्ध ।
- स्थानीय तहका प्रतिनिधि र पदाधिकारीहरुसँग भूमिहीनको सवालमा पैरवी गर्न सक्षम ।
- कम्प्युटरमा तथ्यांक र विवरण प्रविस्टि गर्न तथा प्रतिवेदन निर्माण गर्न सक्षम ।
- स्थानीय भूमिहीन महिला, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र सिमान्तकृत समुदायका प्रतिनिधिलाई विशेष प्राथमिकता दिइने छ ।

**५. आवश्यक सहजकर्ता संख्या**

प्रत्येक जिल्लामा ३ जना सहजकर्ता । कुल २१ जना सहजकर्ता ।

**६. आवेदन दिन सक्ने**

सम्बन्धित जिल्लामा रही तोकिएको पालिकाको **एउटा वडामा** यस कार्यादेश बमोजिम कार्य गर्न इच्छुक र योग्यता पुग्ने व्यक्तिहरुले आवेदन दिन सक्नुहुनेछ। आवेदन दिँदा संस्थाको आधिकारिक इमेल ठेगानामा आफ्नो व्यक्तिगत विवरण र कार्य अनुभव झल्किने बायोडाटा, पासपोर्ट साइज फोटो र आवेदन पत्र संलग्न गर्नुपर्नेछ। साथै यस कार्यका लागि जनवरी २०२६ देखि फेब्रुअरी २०२६ सम्म प्रति महिना २० दिनका दरले कार्यमा समय दिन सक्ने प्रतिवद्धता समेत व्यक्त गर्नुपर्नेछ।

**७. आवेदन प्रस्ताव आह्वान गरेको मिति र अन्तिम म्याद**

आह्वान गरेको मिति : ९ पौष २०८२

आवेदन दिने अन्तिम मिति : १५ पौष २०८२

**८. आवेदन उपर निर्णयको अधिकार**

यस कार्यादेश र आवेदन आह्वान बमोजिम प्राप्त आवेदनहरुको मुल्यांकन र छनौट तथा रद्ध गर्ने निर्णयको अधिकार सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग रहनेछ।

**९. आवेदन बुझाउने इमेल ठेगाना**

Email: landrights@csrcnepal.org

थप जानकारीका लागि संस्थाको फोन नं. ०१-४३६०४८६ वा ०१-४३५७००५ मा सम्पर्क गर्न सक्नु हुनेछ ।